# एकिकृत मानसिक स्वास्थ्य सेवाका सहयोगी पक्ष तथा बाधा अवरोधहरु

नेपालमा मानसिक, स्नायु तथा पदार्थ दुरुपयोगका समस्याहरुको भार दिन प्रति दिन बढिरहेको अवस्था छ। यद्दपि यस्ता समस्या भएका व्यक्तिहरुका लागि प्रदान गरिने सेवाहरु सिमित मात्रामा रहेका छन्। त्यसैले व्याप्त उपचार अभावको परिपूर्ति गर्नका लागि टि.पि.ओ नेपाल द्वारा PRIME परियोजना अन्तर्गत सन् २०११ देखि चितवन जिल्लाका प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा मानसिक स्वास्थ्य सेवा सुविधाहरु एकिकृत गर्दै आईरहेको छ। प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा मानसिक स्वास्थ्य सेवाहरु एकिकरण गर्ने क्रमलाई विभिन्न तत्वहरुले प्रभाव पार्छन् जसले गर्दा सेवाग्राहीहरुका लागि प्रभावकारी सेवा प्रदान गर्न कठिनाई हुन जान्छ। तसर्थ, चितवन जिल्लामा एकिकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि सहयोगी तथा बाधा अवरोधहरुको पहिचान गर्नु नै यस अध्ययनको उद्देश्य रहेको थियो।

यस अध्ययनमा जम्मा १४५ जना सरोकारवाला तथा मुख्य जानकार व्यक्तिहरुसँग अन्तवार्ता लिईएको थियो जसमा स्वास्थ्यकर्मीहरु, मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा उनीहरुको हेरचाह गर्ने व्यक्तिहरु, जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालयमा एकिकृत मानसिक स्वास्थ्य कार्यक्रमका लागि तोकिएका मुख्य व्यक्ति, मानसिक रोग विशेषज्ञ तथा मनोविद् र नीति निर्माताहरुलाई सहभागी गराईएको थियो।

अन्तरवार्ताका सहभागीहरुसँग मानसिक स्वास्थ्य कार्यक्रम, यसको प्रभावकारीता, एकिकरण र बिस्तारका लागि रहेका सहयोगी पक्ष र बाधा अवरोध, तथा यही क्रममा आएका चुनौतिहरुको सामना गर्न सल्लाह र सुझावका बारेमा उनीहरुको धारणा लिईएको थियो।

## मुख्य सुझावहरु

- ✓ **स्वास्थ्य मन्त्रालयमा मानसिक स्वास्थ्यका लागि छुट्टै विभाग लगायत जिम्मेवार व्यक्ति तोकिनुपर्दछ**
- ✓ **मानसिक स्वास्थ्य नीतिको उचित कार्यान्वयन हुनुपर्दछ**
- ✓ **मानसिक स्वास्थ्यका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्दछ**
- ✓ **स्वास्थ्यकर्मीहरुका लागि मानसिक स्वास्थ्य सम्बन्धि तालिम तथा नियमित सुपरिवेक्षणको व्यवस्था गरिनुपर्दछ**
- ✓ **मानसिक स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था हुनुपर्दछ**
- ✓ **मानसिक स्वास्थ्य समस्याका औषधिहरु नियमित रुपमा स्वास्थ्य सेवा केन्द्रमा उपलब्ध हुनुपर्दछ**
- ✓ **विभिन्न तहमा हुने मानसिक स्वास्थ्य समस्या सम्बन्धि लाञ्छना र भेदभावलाई कम गर्न लाञ्छना विरुद्धका कार्यक्रमहरु संचालन गर्नुपर्दछ**
- ✓ **मानसिक स्वास्थ्य प्रणालीका सम्पूर्ण क्रियाकलापहरुमा (नीति निर्माण, सेवा प्रदान र अनुगमन तथा मूल्यांकनमा सेवाग्राही र उनीहरुका परिवारका सदस्यहरुको संलग्नता हुनुपर्दछ)**

EMERALD is funded by the European Union within the 7th Framework Programme

# एकिकृत मानसिक स्वास्थ्य सेवाका सहयोगी पक्ष तथा वाधा अवरोधहरु

सहयोगी पक्ष
वाधा अवरोध

## नियमन

**सहयोगी पक्ष**

- मानसिक स्वास्थ्य नीतिको विकास हुनु
- मानसिक स्वास्थ्य क्षेत्रमा सरकारी तथा गैर सरकारी निकायहरुको चासोमा वृद्धि हुनु
- स्वास्थ्य प्रणाली स्तरमा उचित समन्वय

**वाधा अवरोध**

- मानसिक स्वास्थ्य नीति कार्यान्वयनमा नआउनु
- मानसिक स्वास्थ्य सरकारको प्राथमिकतामा नपर्नु
- मानसिक स्वास्थ्य सेवाका लागि निश्चित जिम्मेवार निकायको अभाव
- जिल्ला स्तरमा मानसिक स्वास्थ्य योजनाको अभाव
- मानसिक स्वास्थ्य ऐन र त्यससँग सम्बन्धित नीति नियमहरुको अभाव

## वित्तिय व्यवस्था



**सहयोगी पक्ष**

- मानसिक स्वास्थ्यका लागि केही बजेट विनियोजन हुनु
- विभिन्न गैर सरकारी संस्थाहरुले मानसिक स्वास्थ्यको क्षेत्रमा लगानी गर्नु
- निशुल्क वितरण गरिने औषधिको सुचीमा मानसिक स्वास्थ्य समस्याका ११ वटा औषधि समावेश गरिएको

**वाधा अवरोध**

- मानसिक स्वास्थ्य क्षेत्रमा अपर्याप्त बजेट
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु स्वास्थ्य सेवा केन्द्रमा आउँदा खर्च हुने भएकाले स्वास्थ्य सेवा लिन नआउनु

## मानव स्रोत




**सहयोगी पक्ष**

- स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्यकर्मीहरुका लागि मानसिक स्वास्थ्य सम्बन्धि तालिम तथा नियमित सुपरिवेक्षण
- तालिम प्राप्त स्वास्थ्कर्मी तथा परामर्शकर्ताको उपलब्धता

**वाधा अवरोध**

- स्वास्थ्य सेवा केन्द्रहरुमा स्वास्थ्यकर्मीहरुको फेरबदल
- स्वास्थ्यकर्मीहरुका लागि मानसिक स्वास्थ्य सेवा प्रदान गर्दा कामको भार थप भएको
- स्वास्थ्यकर्मीहरुको भत्ता सम्बन्धि गुनासो

## सुचना प्रणाली



**सहयोगी पक्ष**

- मानसिक स्वास्थ्यका सुचना प्रणालीको स्वास्थ्य सेवा केन्द्रमा अभिमुखीकरण हुनु
- मानसिक स्वास्थ्यका सुचांकहरु स्वास्थ्य सुचना प्रणालीमा एकिकृत हुनु

**वाधा अवरोध**

- मानसिक स्वास्थ्यका सुचना प्रणाली व्यवस्थित नहुनु
- मानसिक स्वास्थ्यका सुचांकहरु पर्याप्त नहुनु
- स्वास्थ्यकर्मीहरुले नियमित रजिस्टरका साथै मानसिक स्वास्थ्यको रजिस्टर भर्नुपर्दा समय बढी खर्च हुनु

## औषधि उपचार

**सहयोगी पक्ष**

- प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा मानसिक स्वास्थ्य समस्याको औषधिको उपलब्धता

**वाधा अवरोध**

- मानसिक स्वास्थ्य समस्याको औषधिको अपर्याप्तता

## सेवा प्रदान



**सहयोगी पक्ष**

- प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा औषधिका साथै परामर्श सेवाको उपलब्धता
- मानसिक स्वास्थ्य समस्या भएकाहरुका लागि सिफारिस प्रणालीको व्यवस्था
- महिला स्वास्थ्य स्वयंसेविका द्वारा मानसिक स्वास्थ्य समस्या भएकाहरुहरुको पहिचान तथा स्वास्थ्य केन्द्रमा सिफारिस
- समुदायमा जनचेतनामुलक कार्यक्रमको आयोजना

**वाधा अवरोध**

- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु फलो अपमा नआउनु
- प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा हरबखत स्वास्थ्यकर्मीहरु तथा औषधि उपलब्ध नहुँदा सेवाग्राहीहरुले समयमा स्वास्थ्य सेवा नपाउनु
- समुदायमा जनचेतनाको कमी र व्याप्त लाञ्छना
- मानसिक स्वास्थ्य परामर्शका लागि परामर्श कक्षको अभाव

For Further Information: TPO Nepal, Baluwatar, Kathmandu, Nepal tponepal.org tponepal@tponepal.org.np
+977-01-4431717/4437124/4424082. Emerald Website: http://www.emerald-project.eu